**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ दिसम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालमा विशेष गहन पुनरिक्षण (SIR) प्रक्रिया पछि आज मस्यौदा मतदाता सूची प्रकाशित गरिएको छ।

- दार्जीलिङका राज्यसभा संसद हर्षवर्धन श्रृंगलाले मतदाता सूची एस आई आर प्रक्रियालाई लोकतान्त्रिक प्रक्रियाको विश्वास, पवित्रता र संवैधानिक सम्मान जोगाउन आवश्यक सुधारको रूपमा वर्णन गर्नु भएको छ।

- युवभारती क्रीड़ांगनमा 13 दिसंबरमा लियोनेल मेसीको कार्यक्रम अवधि भएको अव्यवस्था पछि राज्यका खेल मंत्री अरूप विश्वासले आफ्नो पदबाट राजिनामा दिने इच्छा जताउनु भएको छ।

- विजय दिवसको अवसरमा आज कोलकाताको विजय दुर्ग स्थित सेनाको पूर्वी कमान मुख्यालयमा 1971 को भारत-पाकिस्तान युद्धमा सर्वोच्च बलिदान दिने सैनिकहरुलाई श्रद्धांजलि अर्पित गरिएको छ।

- दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले आज सदनमा DGHC वा GTA जस्ता व्यवस्थाहरूले गोर्खाहरुको समस्यालाई सम्बोधन गर्न असफल भएको बताउनु भएको छ।

**पश्चिम बंगाल – SIR**

पश्चिम बंगालमा विशेष गहन संशोधन (SIR) प्रक्रिया पछि आज मस्यौदा मतदाता सूची प्रकाशित गरिएको छ। SIR को पहिलो चरणमा पश्चिम बंगालमा सात करोड़ 66 लाख 37 हजार पांच सय 29 मतदाताहरू समावेश थिए। यी मध्ये 7 करोड़ 8 लाख 16 हजार छ सय 16 मतदातहरुको जनगणना प्रपत्रहरुको डिजिटलीकरण गरिसकिएको छ । 92 दशमलव चार प्रतिशत जनगणना प्रपत्रहरुको डिजिटलीकरण भइसकेको छ।

एस आई आर प्रक्रियामा 58 लाख भन्दा अधिक अनुपस्थित, स्थानांतरित, मृत अनि डुप्लिकेट मतदाताहरुको नाम हटाइएको छ । 2002 को मतदाता सूचीको 31 लाख 38 हजार तीन सय 74 मतदाताहरुलाई यस प्रक्रियामा सामेल गरिएन। यी मतदाताहरुको सुनुवाईका लागि बोलाइने छ । सुनवाई आजबाट शुरू भएर 7 फरवरी 2026 सम्म चल्नेछ।

**संसद हर्षवर्धन श्रृंगला s i r**

दार्जीलिङका राज्यसभा संसद हर्षवर्धन श्रृंगलाले मतदाता सूची एस आई आर (Special Intensive Revision) प्रक्रियालाई दृढतापूर्वक समर्थन गर्दै यसलाई भारतको लोकतान्त्रिक प्रक्रियाको विश्वास, पवित्रता र संवैधानिक सम्मान जोगाउन आवश्यक सुधारको रूपमा वर्णन गर्नु भएको छ। संसदमा बोल्दै उहाँले भन्नुभयो - "चुनाव लोकतन्त्रको मेरुदण्ड हो, र यसको ईमानदारीको रक्षा सार्वजनिक विश्वास कायम राख्न अत्यन्तै आवश्यक छ।" उहाँले भन्नुभयो एस आई आर केवल प्रशासनिक प्रक्रिया मात्र होइन, यो यस्तो प्रणालीगत अभ्यास हो जसले मतदाता सूचीमा केवल वास्तविक र योग्य नागरिकहरू मात्र समावेश हुने सुनिश्चित गर्छ।"श्री श्रृंगलाका अनुसार, यस प्रक्रियाले नक्कली वा अवैध नामका कारण वैध मत कमजोर हुने अवस्थालाई रोक्ने छ, र स्वतन्त्र, निष्पक्ष तथा स्वच्छ चुनावको आधारलाई बलियो बनाउँछ। उहाँले मतदाता सुचीमा अवैध प्रवेश रोक्नु र जाँच प्रक्रिया सुदृढ पार्नु आजको सुरक्षा तथा प्रशासनिक परिस्थितिमा अत्यन्तै आवश्यक रहेको पनि बताउनु भयो।

श्री श्रृंगलाले पश्चिम बंगालमा केही राजनीतिक दलहरूले सहयोग नगरेको तथा प्रक्रियालाई अवरोध गर्ने प्रयास भइरहेको प्रति

चिन्ता गर्नु भयो|

**लोकसभा - रोजगार तथा आजीविका मिशन**

केंद्रीय कृषि मंत्री शिवराज सिंह चौहानले आज लोकसभामा **विकसित भारत - रोजगार अनि आजीविका मिशन (ग्रामीण) विधेयक 2025** पेश गर्नु भयो। यो विधेयकले बिस बर्ष पुरानो महात्मा गांधी राष्ट्रीय ग्रामीण रोजगार गारंटी अधिनियम, 2005 को स्थान लिनेछ। विधेयकले विकसित भारत 2047 को दृष्टिकोण अनुरूप एक आधुनिक वैधानिक ढांचा स्थापित गर्नेछ। विधेयक अंतर्गत प्रत्येक ग्रामीण परिवारका स्वेचछाले अकुशल शारीरिक श्रम गर्ने वयस्क सदस्यलाई 125 दिनको रोजगार सुनिश्चित गर्नु हो।

विधेयक पेश गर्नु हुँदै कृषि मंत्री शिवराज सिंह चौहानले भन्नुभयो, प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा गरीबहरुको उत्थानका लागी धैरे कल्याणकारी योजनाहरु लागू गरिंदै आएको छ। उहाँले भन्नुभयो यूपीए सरकारको समय महात्मा गांधी राष्ट्रीय ग्रामीण रोजगार गारंटी अधिनियम-मनरेगा मा 2 लाख 13 हजार करोड़ रुपियाँ खर्च गरिएको थियो जबकि मोदी सरकारले यस योजनामा 8 लाख 53 हजार करोड़ रुपियाँ भन्दा अधिक खर्च गरेको छ।

श्री चौहानले भन्नुभयो नयाँ विधेयकमा सरकारले गारंटीकृत रोजगार दिवसलाई सय दिनबाट बडाएर 125 दिन गर्ने प्रस्ताव राखीएको छ। उहाँले भन्नुभयो विधेयक अंतर्गत एक लाख 51 हजार करोड़ रुपियाँ भन्दा अधिकको प्रावधान गरिएको छ। कृषि मंत्रीले भन्नुभयो विधेयकले गांवहरुको  व्यापक विकास सुनिश्चित हुनेछ अनि आत्मनिर्भर तथा विकसित ग्रामीण क्षेत्रको निर्माणमा सहयोग गर्नेछ। उहाँले भन्नुभयो सरकार महात्मा गांधीको स्वप्नलाई साकार गर्न अनि उहाँ द्वारा परिकल्पित राम राज्यको स्थापनाको दिशामा कार्य गरिरहेको छ।

**अरूप विश्वास राजिनामा**

युवभारती क्रीड़ांगनमा 13 दिसंबरमा लियोनेल मेसीको कार्यक्रम अवधि भएको अव्यवस्था पछि राज्यका खेल मंत्री अरूप विश्वासले आफ्नो पदबाट राजिनामा दिने इच्छा जताउनु भएको छ। यस संबंधमा उहाँले  मुख्यमंत्री ममता बनर्जीलाई एक पत्र लेखेर पदबाट मुक्त गरिदिने अनुरोध गर्नु भएको छ। अरूप विश्वासको यो पत्र अब सोशल मीडियामा साझा भइरहेको छ, जसले राज्यको राजनीतिमा हलचल तिब्र भएको छ।

**13 दिसंबरको दिन युवभारतीमा आयोजित कार्यक्रम अवधि भारी अव्यवस्था देखिएको थियो। हजारों दर्शकहरुले  महंगो टिकट काटेर कार्यक्रममा भाग लिए , तर स्टेडियममा लियोनेल मेसीको झलकसम्म देख्न पाएनन। आरोप छ कि मैदान बीच मंत्री अनि अति विशिष्ट अतिथिहरुको भीड़ले मेसीलाई चारैतिर घेरिरहे, फलस्वरूप साधारण दर्शक आफु ठगिएको महसूस गरे। यस घटनाले न केवल कोलकाता, तर राष्ट्रीय अनि अंतरराष्ट्रीय स्तरमा पनि शहरको छविलाई नोकसान पुराएको छ। यस पूरा घटनाक्रम पछि सबभन्दा अधिक निराशा अरूप विश्वासलाई लिएर आएको छ । सोशल मीडियामा उनको धैरे वीडियो अनि तस्वीरहरु वायरल भए, जसमा विश्वास कैमारा अघि लगातार मेसीसित देखिएको छ। यही तस्वीरहरु अनि वीडियोहरुका कारण खेल मंत्रीले तीखो आलोचनाको सामना गर्न परेको थियो। विपक्ष सहित  साधारण मानिसहरुले पनि सरकार अनि आयोजन व्यवस्थामाथि प्रश्न उठाइ रहेका छन्।यसै पृष्ठभूमिमा अरूप विश्वास द्वारा मुख्यमंत्रीलाई लेखिएको हस्तलिखित पत्र सार्वजनिक भएको हो। तथापी हालसम्म अरूप विश्वास अनि तृणमूल कांग्रेसका शीर्ष नेतृत्वको तर्फबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन। सूत्र अनुसार, अरूप विश्वास द्वारा पठाइएको यस रजिनामालाई स्वीकार गरिने संभावना जताइएको छ ।**

**विजय दिवस कोलकोत्ता**

विजय दिवसको अवसरमा आज कोलकाताको विजय दुर्ग स्थित सेनाको पूर्वी कमान मुख्यालयमा 1971 को भारत-पाकिस्तान युद्धमा सर्वोच्च बलिदान दिने सैनिकहरुलाई श्रद्धांजलि अर्पित गरिएको छ। यस अवसरमा  आयोजित कार्यक्रममा पश्चिम बंगालका राज्यपाल डॉ सी.वी. आनंद बोस, मिजोरमका राज्यपाल जनरल वी.के. सिंह (सेवानिवृत्त), पूर्वी कमानका सेना कमांडर लेफ्टिनेंट

जनरल आर.सी. तिवारी, भारतका वीर पूर्व सेनानी, भारतीय सशस्त्र बलका अधिकारी अनि बांग्लादेशी प्रतिनिधिमंडल सामेल थिए।

**सांसद राजु बिष्ट**

दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले आज सदनमा DGHC वा GTA जस्ता व्यवस्थाहरूले गोर्खाहरुको समस्यालाई सम्बोधन गर्न असफल भएको बताउनु भएको छ। यस क्षेत्रको समस्य समाधानका लागि संविधान अन्तर्गत स्थायी समाधान नै एक मात्र तरिका भएको श्री बिष्टले संसदलाई जानकारी दिनुभयो। श्री बिष्टले भन्नुभयो भारतको संविधानले प्रत्येक नागरिकलाई समान अधिकार, मर्यादा र न्यायको ग्यारेन्टी दिन्छ।

**माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीको नेतृत्वमा, "न्याय" को यो संवैधानिक प्रतिज्ञा देशको सबैभन्दा उपेक्षित क्षेत्रहरूमा पनि पुगेको छ, जसले "सबका साथ, सबका विकास" को भावनालाई प्रतिबिम्बित गर्दछ। यद्यपि, दार्जिलिङ पहाड, तराई र डुवर्सका जनता आफ्नो पहिचान, आकांक्षा र संवैधानिक अधिकारको सम्मान गर्ने न्यायपूर्ण समाधानको आशाका साथ पर्खिरहेका छन्। उहाँले भन्नुभयो केन्द्र सरकारले यस क्षेत्रको लामो समयदेखि थाती रहेका समस्याहरू समाधान गर्न इमान्दारिता देखाएको भन्दै वार्ताकारको नियुक्तिले संवाद र शान्तिपूर्ण समाधानप्रति सरकारको प्रतिबद्धतालाई प्रदर्शन गरेको बताउनु भयो। उहाँले दार्जीलिङ क्षेत्रले सामना गर्ने धेरै चुनौतीहरूमाथि थप प्रकाश पार्दै सीमापार घुसपैठका कारण द्रुत जनसांख्यिकीय परिवर्तनले आदिवासीहरूलाई आफ्नै भूमिमा अल्पसंख्यक बनाएको उल्लेख गर्नुभयो। सांसदले आज सदनमा repealing and amending बिल २०२५" को समर्थनमा बोल्ने क्रममा क्षेत्रको समस्याहरुबारे सदन ध्यानाकर्षण गराउनु भएको हो।**

**उत्तर बंगाल विश्वविद्यालय डी ए**

उत्तर बंगाल विश्वविद्यालयमा पाँच महिनादेखि महँगी भत्ता (डीए) नपाएकोमा आक्रोशित सारा बंगला तृणमूल शिक्षा बन्धु समितिका सदस्यहरूले विरोध प्रदर्शन गरेका छन्। आज संगठनले विश्वविद्यालयको प्रशासनिक भवनमा तालाबन्दी गरी रजिस्ट्रारलाई घेरेर तलब वृद्धि र चार प्रतिशत महँगी भत्ताको माग राखेको छ| मुख्यमन्त्रीले महँगी भत्ता वृद्धिको घोषणा गरे पनि अहिलेसम्म कार्यान्वयन नभएको प्रदर्शनकारीहरूको आरोप छ। केही महिना अघि पनि सोही मागलाई लिएर काम बहिष्कार गरिएको थियो तर विश्वविद्यालय प्रशासनबाट आश्वासन पाएपछि विरोध प्रदर्शन फिर्ता लिइएको थियो। यसैकारण, मंगलबार, सारा बंगला तृणमूल शिक्षा बन्धु समितिको उत्तर बंगला विश्वविद्यालय शाखाका सदस्यहरूले फेरि विरोध प्रदर्शन गर्न प्रशासनिक भवनमा तालाबन्दी गरे। संगठनको उत्तर बंगाल विश्वविद्यालय शाखाका अध्यक्ष रञ्जित रायले मुख्यमन्त्रीले डीए बढाउने घोषणा गरेको तर सम्बन्धित अधिकारीहरूले अहिलेसम्म कुनै कारबाही नगरेको बताए। यसैबीच, रजिस्ट्रार-इन-चार्जले यस विषयमा उच्च शिक्षा विभागलाई पत्र पठाइएको जानकारी दिएका छन्।

**संयुक्त चालक संघ**

संयुक्त चालक संघले दार्जिलिङ क्षेत्रको व्यापार र व्यवसाय सम्बन्धी जारी मागहरू र क्षेत्र वरिपरिको दृश्यावलोकन गर्न बाहिर ट्याक्सी गाडी रोक्ने अनुरोधको सम्बन्धमा सबै सदस्यहरूसँग गोर्खा दुःख निवारण पुस्तकालय हलमा एक बैठक गरेको छ| बैठक पछि संघले पत्रकार सम्मेलन आयोजना गरेर यदि १८ डिसेम्बर २०२५ सम्ममा आफ्ना मागहरू पूरा नभएमा वा समाधान नभएमा, लालकोठी वा जिल्ला प्रशासन कार्यालय तथा पुलिस चौकी अघि रिले धर्नामा जाने निर्णय गरेको जनाएका छन्। उनीहरूले समाधानको लागि सिलिगुडीका एजेन्सीहरू वा चालक संघको प्रतिनिधित्व गर्ने जो कोहीसँग पनि समन्वयमा आएर बातचीत गर्न सहयोग गर्ने बताएका छन्।

## प्रजापिता बह्लमकुमारी

प्रजापिता बह्लमकुमारी इश्वरीय विश्व विध्यालय बिके पाठशाला मिरिकको 21 औं स्थपना दिवस विविध कार्यक्रमको साथमा पालन गरियो| अर्पणा पाख्रिनको संचालनमा पालन गरिएको कार्यक्रममा प्रजापिता बह्लमकुमारी इश्वरीय विश्व विध्यालय बिके पाठशाला उत्तर बंगालका मुख्य संचालिका केशरी दिदी,मिरिक प्रभारी पूर्णिमा दिदीसहित बिभिन्न क्षेत्रका धेरै अनुयायीहरूको उपस्थिति थियो। कार्यक्रम अन्तर्गत मिरिक फुलबारी मैदान परिसरमा नशामुक्त अभियान अन्तर्गत नशालु पदार्थ सेवनले हुने हानीहरूबारे विस्तृत सचेतना गराँउने कार्यक्रम गरियो।

## गुम्बाको उद्घाटन 29 डिसेम्बरमा

रिम्बिक लोधोमा समष्टि अन्तर्गत लोधोमा ग्राम पञ्चय २ अन्तर्गत पर्ने स्याङ्बोमा आगामी 29 डिसेम्बरको दिन फुङछोक साङाक छयोलिङ गुम्बाको उद्घाटन भव्य समारोहबीच गरिने भएको छ। तथापि समारोह 27 डिसेम्बरबाट शुरु हुनेछ। सोमबार एक प्रेस भेलाको आयोजना गर्दै समारोह आयोजक समितिका प्रतिनिधिहरुले उक्त जानकारी गराएको हो। समारोहमा बिशेष गरि सिक्किम राज्यका क्यापजे सेर्डुप ढुङ्से रिपोर्छेको गरिमय उपस्थिति रहने छ। उनको बाहलीवाट उक्त दिन छे वाङ बितरण पनि गरिने भएको छ। समारोहबारे जानकारी गराउँदै आयोजक पक्षले गुम्बा उद्घाटनलाई सफल बनाउन सबै क्षेत्रबासीलाई उपस्थित हुने निवेदन गरेको छ। समितिका सचिव नोर्देन शेर्पाले भुइँचालोका कारण गुम्बामा क्षति भएको जसको पुन निर्माण गरेर उद्घाटन गरिन लागेको बताए। गुम्बाको पुन निर्माणमा सहयोग गर्ने सबैप्रति उनले आभार प्रकट गरे। यसैगरी समितिका अध्यक्ष पाल्देन लामाले समारोह अवधि गुम्बाको प्राण प्रतिष्ठा गरिने जानकारी गराए। यसका साथै उनले बिधि बिधान अनि बौद्ध परम्परा अनुसार नै गुम्बाको उद्घाटन गरिन लागेको भन्दै सिक्किमवाट रिम्पोर्छेको आगमन हुने जानकारी गराए।

****** ० ******